# हलेसी तुवाचुङ नगरपालिका

गम्भिर रोगका लागि आर्थिक सहयोग तथा सिफारिस कार्यविधि

२०७४

नेपाल सरकारले मुख्य रुपमा ८ वटा रोगहरुलाई कडारोगका रुपमा सुचिकृत गरेको छ, सोहि अनुसारका तपसिलका कडा रोगहरुमा यस हलेसी तुवाचुङ नगरपालिकाले गम्भिर रोग तथा आर्थिक रुपले बिपन्न नागरिकहरुलाई नगर स्तरिय सिफारिस समितिले निर्णय गरि तपसिलको रोग तथा सहयोग रकम विवरण अनुसार आर्थिक सहयोग गर्ने छ ।

**गम्भिर रोग तथा आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार खर्च उपलव्ध गराउने प्रयोजनका लागि सिफारिस तथा निर्णय गर्न नगरस्तरमा देहायको समिति रहनेछ :**

- नगर प्रमुख - अध्यक्ष
- प्रमुख प्रसाशकिय अधिकृत – सदस्य
- सामाजिक विकास समिति संयोजक – सदस्य
- नगर आयुर्वेद संयोजक – सदस्य
- नगर स्वास्थ्य संयोजक – सदस्य सचिव

**गठित समितिको सचिवालय नगर स्वास्थ्य शाखा कार्यालयमा हुनेछ । उक्त सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,**

( १) विपन्न नागरिकले आर्थिक सहयोगको लागि आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्नु पर्ने ।

(२) निवेदन उपर "निर्णय तथा सिफारिस समिति" बाट निर्णय गराउनु पर्नेछ ।

(३) विरामिलाई अन्य अस्पतालको सिफारिस आवश्यक परेमा सिफारिस समितिको निर्णय विरामी वा विरामीको नजिकको हकदारले सूचिकृत अस्पतालहरु मध्ये जुनसुकै माग गरेको अस्पतालमा उपचारका लागि सिफारिस गरी पठाउनु पर्ने छ ।

(४) सामान्यतया: निवेदन परेको वढीमा ३ (तीन) दिन भित्र निर्णय तथा सिफारिस गर्नु पर्ने भए सिफारिस गर्नु पर्नेछ ।

(५) सिफारिस गर्दा पुरानो विवरण केलाई दोहोरो नपर्ने गरि मात्र सिफारिश गर्नुपर्नेछ ।

(६) एक जना विरामीलाई एक भन्दा बढी तोकिएका कडारोगको उपचारका लागि सिफारिस माग गरेको खण्डमा सिफारिस दिनुपर्नेछ ।

**गम्भिर रोग तथा विपन्न विरामी नागरिकले ओषधोपचार गर्न आर्थिक सहयोग माग गर्दा वा सिफारिस माग्दा निम्नानुसारका कागजपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।**

- विरामीको नाम, थर र ठेगाना, ना.प्र.प.नं. उल्लेख भएको निवेदन ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

- विरामी १६ वर्ष मुनिको भएमा जन्म दर्ता नं.( सम्पर्क फोन नं. खुलेको हुनु पर्ने )
- विरामीको नागरिकताको प्रतिलिपि (१६ वर्ष मुनिको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि)
- उपचारको लागि सिफारिस गर्नु पर्ने भएमा अस्पतालको नाम खुल्ने कागज ।
- रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सनको संक्षिप्त व्यहोरा ।
- विरामी विपन्न नागरिक भएको व्यहोरा खुल्ने कागज ।

## गम्भिर रोगहरुको विवरण

### १. मृगौला रोग

क. अल्पकालिन रुपमा मृगौलाले काम नगरेको (Acute Renal Failure)

ख. दीर्धकालिन रुपमा मृगौलाले काम नगरेको (Chronic Renal Failure)

ग. Acute Glumerulo Nephritistis and Nephritic Syndrome भएका विरामीहरु ।

घ. मृगौला खराव भै Dialysis गर्नु पर्ने भएमा ।

ङ. मृगौला प्रत्यारोपण गर्नुपर्ने भएमा ।

च. मृगौला प्रत्यारोपण गरे पश्चात औषधि सेवन गर्नुपर्ने भएमा ।

**१.१.** माथि क, ख, ग,घ र ङ मा उल्लेखित अवस्थाको निदान तथा उपचारका लागि आवश्यक पर्ने औषधि, औषधिजन्य सामग्रीहरु, शैंया तथा सेवा शुल्कहरु बापत ।

### २. मुटु रोग

क. विभिन्न प्रकारका मुटु जस्तैः महाधमनीको शल्यक्रिया गर्नुपर्ने विरामीहरु ।

ख.मुटुमा पेसमेकर तथा स्टेन्ट राख्नु परेमा, एब्लेशन गर्नुपरेमा । मुटुको भल्भ पूर्णरुपमा क्षति भएको या मुटु फेल भएको उपचारका लागि ।

### ३. क्यान्सर रोग

क. विभिन्न प्रकारका क्यान्सर रोग र ती सम्बन्धी शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापी, रेडियोथेरापी, औषधि, औषधिजन्य सामाग्री, शैया तथा सेवा शुल्कहरु ।

### ४. पार्किन्सन्स रोग

पार्किन्सन्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु ।

### ५. अल्जाईमर्स रोगः

अल्जाइमर्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु ।

### ६. स्पाईनल ईन्जुरी :

दुर्घटनाजन्य (Accidental) र चोटपटकजन्य (Traumatic) विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामाग्रीहरु, थप निदानात्मक सेवा, शैया, सेवाशुल्कहरु तथा पुर्नस्थापना सेवा सहित ।

**७. हेड ईन्जुरी :**

दुर्घटनाजन्य (Accidental) र चोटपटकजन्य (Traumatic) विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामाग्रीहरु, थप निदानात्मक सेवा, शैया, सेवाशुल्कहरु तथा पुर्नस्थापना सेवा सहित ।

**८. सिकल सेल एनिमिया रोगः**

यो रोगलागेका विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामग्रीहरु, थप निदानात्मक सेवा, शैया, सेवाशुल्कहरु ।

यस बाहेक यस नगरपालिकाले पाठेघर खसेका महिलाहरुलाई तथा अन्य आर्थिक अवस्था अत्यन्तै कमजोर भएका व्यक्तिहरु जो उपचारबाट बन्चित हुनुपर्ने बाध्यता भएकाहरुलाई वडाकार्यालयको सिफारिस तथा अन्य प्रमाणको आधारमा अन्य शिर्षकबाट सहयोग गर्नेछ ।

## यस हलेसी तुवाचुङ नगरपालिकाले रोग अनुसार दिने सहयोग रकमको बिबरण

| क.स. | गम्भिर रोगहरुको विवरण | नगरपालिकाबाट सहयोग गरिने रकम | कैफियत |
|---|---|---|---|
| १ | **मृगौला रोग** | १००००। | किड्नी ट्रान्सप्लान्ट |
| | | ५०००। | अन्य |
| २ | **मुटु रोग** | ५०००। | |
| ३ | **क्यान्सर रोग** | ५०००। | |
| ४ | **पार्किन्सन्स रोग** | ५०००। | |
| ५ | **अल्जाईमर्स रोगः** | ५०००। | |
| ६ | **स्पाईनल ईन्जुरी** | ५०००। | |
| ७ | **हेड ईन्जुरी :** | ५०००। | |
| ८ | **सिकल सेल एनिमिया रोगः** | ५०००। | |
| ९ | **3rd digree युटेरस प्रोल्याप्स** | ५०००। | |
| १० | **अन्य** | २५००। | **अति बिपन्न** |

समाप्त